दुप्चेश्वर गाउँपालिका

# स्थानीय राजपत्र

खण्ड ७ संख्या १ असार १०, २०८० साल

## भाग-१

## दुप्चेश्वर गाउँपालिकाको
## गाउँ कार्यपालिकाको कार्यालय

## नुवाकोट

बागमती प्रदेश, नेपाल

# दुप्चेश्वर गाउँपालिकाको विनियोजन ऐन, २०८०

# दुप्चेश्वर गाउँपालिकाको विनियोजन ऐन, २०८०

स्वीकृत मितिः २०८०/०३/१०

**प्रस्तावना :** दुप्चेश्वर गाउँपालिकाको आ.व.०८०/०८१ को सेवा र कार्यहरुको लागि सञ्चित कोषबाट केही रकम खर्च गर्ने अधिकार दिन र सो रकम विनियोजन गर्न वाञ्छनिय भएकोले ,

नेपालको संविधानको धारा २२९ को उपधारा (२) बमोजिम दुप्चेश्वर गाउँ सभाले यो ऐन बनाएको छ ।

**१.संक्षिप्त नाम र प्रारम्भ :** (१) यस ऐनको नाम "दुप्चेश्वर गाउँपालिकाको विनियोजन ऐन ,२०८०"रहेको छ ।

(२) यो ऐन आ.व. ०८०।०८१ को श्रावण १ गते देखि प्रारम्भ हुनेछ ।

**२. आ.व. २०७७/०७८ को निमित्त सञ्चित कोषबाट रकम खर्च गर्ने अधिकार :** (१) आ.व. ०८०/०८१ को निमित्त गाउँ कार्यपालिका ,वडा समिति ,विषयगत शाखाले गर्ने सेवा र कार्यहरुका निमित्त अनुसूची १ मा उल्लिखित चालू खर्च र पुँजिगत खर्च समेत गरि जम्मा रकम **रु. ६२,२९,७९,५१२ (अक्षेरुपी बैसठ्ठी करोड उनान्तिस लाख उनानअसी हजार पाँच सय बाह्र मात्र**) मा नबढाई निर्दिष्ट गरिए बमोजिम सञ्चित कोषबाट खर्च गर्न सकिनेछ ।

**३. विनियोजन** : (१) यस ऐनद्धारा सञ्चित कोषबाट खर्च गर्न अधिकार दिइएको रकम आ.व. ०८०/०८१ को निमित्त दुप्चेश्वर गाउँपालिका

गाउँ कार्यपालिका,वडा समिति र विषयगत शाखाले गर्ने सेवा र कार्यहरुको निमित्त विनियोजन गरिनेछ ।

(२)उपदफा(१) मा जुनसूकै कुरा लेखिएको भएतापनि कार्यपालिका,वडा समिति र विषयगत शाखाले गर्ने सेवा र कार्यहरुको निमित्त विनियोजन गरेको रकम मध्ये कुनैमा बचत हुने र कुनैमा अपुग हुने देखिन आएमा गाउँ कार्यपालिकालले बचत हुने शिर्षकबाट नपुग हुने शिर्षकमा रकम सार्न सक्नेछ । यसरी रकम सार्दा एक शिर्षकबाट सो शिर्षकको जम्मा रकमको २० प्रतिशतमा नबढ्ने गरि कुनै एक वा एक भन्दा बढी शिर्षकहरुबाट अर्को एक वा एक भन्दा बढी शिर्षकहरुमा रकम सार्न तथा निकासा र खर्च जनाउन सकिनेछ । पुँजिगत खर्च र वित्तिय व्यवस्था तर्फ विनियोजित रकम साँवा भुक्तानी खर्च र व्याज भुक्तानी खर्च शिर्षकमा बाहेक अन्य चालू खर्च शिर्षक तर्फ सार्न र वित्तिय व्यवस्था अर्न्तगत साँवा भुक्तानी खर्च तर्फ विनियोजित रकम व्याज भुक्तानी खर्च शिर्षकमा बाहेक अन्यत्र सार्न सकिने छैन । तर चालु तथा पुँजिगत खर्च र वित्तिय व्यवस्थाको खर्च व्यहोर्न एक स्रोतबाट अर्को स्रोतमा रकम सार्न सकिनेछ ।

(३) उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भएतापनि एक शिर्षकबाट सो शिर्षकको जम्मा स्वीकृत रकमको २० प्रतिशत भन्दा बढ्ने गरि कुनै एक वा एक भन्दा बढी शिर्षकहरुमा रकम सार्न परेमा गाउँ सभाको स्वीकृत लिनु पर्नेछ ।

अनुसूचि-१

(दफा २ सँग सम्वन्धित )

नेपालको संविधानको धारा २२९ (२) बमोजिम

संचित कोषबाट विनियोजन हुने रकम

| क.सं. | अनुदान संख्या | शिर्षकको नाम | चालु खर्च | पुँजिगत खर्च | वित्तिय व्यवस्था | जम्मा |
|---|---|---|---|---|---|---|
| १ | २ | ३ | ४ | ५ | ६ | ७ |
| १ | | गाउँ कार्यपालिकाको कार्यालय (वडा कार्यालय समेत ) | ३९,४१,१८,००० | २२,८८,६१,५१२ | | ६२,२९,७९,५१२ |
| २ | | विषयगत शाखा | | | | |
| ३ | | ऋणको साँवा व्याज भुक्तानी | | | | |
| ४ | | लगानी (शेयर /ऋण) | | | | |

**आज्ञाले,**

**दिपेश रिजाल**

**प्रमुख प्रशासकीय अधिकृत**